# नाकामा चिनियाँ निगरानी : नक्कली सीमापासले जेलको बास

**नरजन तामाङ**
**फेलो**, सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

## हुम्ला

वैशाख  २०८३ - २०८१ साल असार १२ गते जिल्ला प्रशासन कार्यालय हुम्लामा कार्यरत कर्मचारी बाँचबहादुर बोहरा विरुद्ध जिल्ला अदालतमा मुद्धा दर्ता भयो । उनलाई तत्कालीन जिल्ला प्रशासन कार्यालय हुम्लाका सहायक प्रमुख जिल्ला अधिकारी अमृत सुवेदीको हस्ताक्षर किर्ते गरेको आरोप पुष्टि भएपछि सोहि साल पुषमा जेल सजाय सुनाईयो । चीनसँग सीमा जोडिएका जिल्लाका स्थानीयबासीहरुका लागि व्यवस्था गरेको सीमा वितरणमा बाँचबहादुर बोहराले सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीको हस्ताक्षर किर्ते गरेर गैरहुम्लीलाई सीमा पास वितरण गरेको अदालतको भनाई छ ।

सहायक प्रजिअ सुवेदीको हस्ताक्षर गरेर बोहराले डोटी र बाजुरा जिल्लाका तीन जनालाई हुम्लाको सीमाक्षेत्र हिल्सा पार गरेर चीन जानका लागि सीमापास उपलब्ध गराएका थिए । अदालतले सीमा पास वितरणमा किर्ते गरेको कसुरमा बोहरा विरुद्ध चार वर्ष कैद सजाय तोकेको छ । बोहराले डोटी र बाजुराका तीन जनालाई हुम्ला जिल्लाका बासीन्दा बनाएर चीनको ताक्लाकोट पठाउने प्रयोजनका लागि किर्ते हस्ताक्षर गरेका थिए ।

> **सीमापास बोकेर चीनको ताक्लाकोट जाने क्रममा हिल्सामा नेपाल प्रहरीले चेकजाँच गर्दा नागरिकता र सीमा पासमा फरक ठेगाना भेटिए पछि प्रहरीले तीन जनालाई पक्राउ गरेर जिल्ला सदरमुकाम सिमकोट ल्याएको थियो । तीन जनामध्ये एक जनालाई हिल्साबाट एक किलोमिटर चिनियाँ क्षेत्रमा प्रवेश गरिसकेको अबस्थामा चिनियाँ प्रहरीले नियन्त्रणमा लिएर नेपाललाई बुझाएका थिए ।**

सीमापास बोकेर चीनको ताक्लाकोट जाने क्रममा हिल्सामा नेपाल प्रहरीले चेकजाँच गर्दा नागरिकता र सीमा पासमा फरक ठेगाना भेटिए पछि प्रहरीले तीन जनालाई पक्राउ गरेर जिल्ला सदरमुकाम सिमकोट ल्याएको थियो । तीन जनामध्ये एक जनालाई हिल्साबाट एक किलोमिटर चिनियाँ क्षेत्रमा प्रवेश गरिसकेको अबस्थामा चिनियाँ प्रहरीले नियन्त्रणमा लिएर नेपाललाई बुझाएका थिए ।

छानविनका क्रममा बोहराले ०८१ साल जेठ १८ गते डोटी जिल्लाको साविकको जोरायल गाउँ विकास समिति– २ स्थायी ठेगाना भएका सोनाम थापालाई हुम्ला जिल्ला ताँजाकोट गाउँपालिका– ३ को बासिन्दा बनाएर सीमा पासमा किर्ते हस्ताक्षर गरेर फेला परेको थियो ।

अर्का आरोपी बाजुरा जिल्लाको पाण्डुसेन गाविस– ७ का स्थायी बासिन्दा शंकर सिंहलाई पनि जेठ २० गते हुम्ला जिल्लाको ताँजाकोट गाउँपालिका– ३ का बासिन्दा बनाएर सीमापास बनाइएको थियो । त्यस्तै बाजुरा जिल्लाकै पाण्डुसेन गाविस– ६ स्थानीय घर भएका पेमा थापालाई पनि जेठ २० गते हुम्ला जिल्लाकै ताँजाकोट गाउँपालिका– ३ को ठेगाना बनाएर चीनको ताक्लाकोट जानका लागि नक्कली सीमा पास बनाइएको थियो । उनीहरुको नाममा जारी सीमा पासमा किर्ते हस्ताक्षर गरेको भेटिएको थियो ।

सरकारले यसअघि निर्वाध सीमा वारपार हुँदै आएका हुम्ला लगायत चीनसँग सीमा जोडिएका १५ जिल्लाका नागरिकले जिल्ला प्रशासन कार्यालयबाट अस्थायी सीमापास पास लिएर

सीमापार ओहरदोहोर गर्न पाउने प्रावधान ल्याएको छ । नेपाल चीन दुईपक्षीय सम्झौता अनुसार दुवै देशका सीमवर्ती जिल्लाका नागरिकले ३० किलोमिटरसम्म बिना राहदानी जिल्ला प्रशासनको पत्रका आधारमा आउजाउ गर्न पाउँछन् । तर सीमावर्ती क्षेत्रमा निगरानी तथा नियमन र सीमापार अपराध रोकथाम तथा नियन्त्रणमा नेपाली प्रशासन र सुरक्षा संयन्त्रको उपस्थिती निकै कमजोर देखिएको छ ।

**एक पछि अर्को कानुन**

नेपाल र चीनको सीमावर्ती नाका प्रवेशको पहुँच बनाउन दुर्गम मानिएको हुम्लामा बसाईसराई गर्नेहरुको संख्या बढिरहेको छ । हुम्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले बसाईसराई गरी जिल्लामा आउनेहरुलाई सीमापास वितरण सहज बनाएका थिए । राजनीति दल, जनप्रतिनिधि र पत्रकारहरुको उपस्थितिमा प्रजिअ पाण्डेयको अध्यक्षतामा बसेको बैठकले बसाईसराई गरी आउने लाई तत्काल सीमापास दिने निर्णय भएको थियो । यस अघि बाहिर जिल्लाका नागरिकको हकमा बसाईसराई गरेको तीन वर्षसम्म जिल्ला प्रशासन कार्यालयबाट सीमापास जारी नगर्ने निर्णय गरिएको थियो । नयाँ निर्णयका कारण बझाङ, डोटी, बाजुरा, दार्चुला, प्युठान, ओखलढुङ्गा सिन्धुपाल्चोक, खोटाङ र सोलुखम्बु लगायतका स्थानबाट हुम्ला जिल्लाको सिमकोट गाउँपालिका ठेहे, दोजाम, स्याडा र नाम्खा गाउँपालिकाको हेप्का, खगालगाउँ, मुचु लगायतका स्थानमा जग्गा खरिद गर्नेको संख्या पनि बढेको पाइएको छ । २५ जना महिलाहरुले चीनको ताक्लाकोट जाने सीमापासका लागि जग्गा खरिद गरेको मालपोत कार्यालय हुम्लाको तथ्याङ्कमा उल्लेख छ । जिल्ला बाहिरका नागरिकहरुलाई मनपरी अस्थायी सीमापास जिल्ला प्रशासन कार्यालय हुम्लाले दिन थालेपछि स्थानिय प्रशासन आलोचित भएको छ ।

०८२ साल कार्तिक १२ गते प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीको अध्यक्षतामा जिल्लाका जनप्रतिनिधि, राजनीतिक दल,सरोकारवाला निकायहरुको उपस्थितिमा बाहिर जिल्लाबाट आएका नागरिकहरुको हकमा बसाइसराइ गरेको १ वर्षमा मात्रै सीमपास दिने निर्णय भयो । तर प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले आफुखुसी र आफु निकट कर्मचारीलाई भित्रभित्रै सीमापास दिने गरेको तथ्य फेला परेको छ ।


**जुम्ला जिल्ला घर भएका हाल कोष लेखा नियन्त्रण कार्यालय हुम्लाका कर्मचारी अंगबहादुर कार्कीलाई सिमकोट गाउँपालिका ५ को स्थानीयबासी भन्दै सीमापास दिएको आन्तरिक छानविनका क्रममा देखिएको छ ।**


जुम्ला जिल्ला घर भएका हाल कोष लेखा नियन्त्रण कार्यालय हुम्लाका कर्मचारी अंगबहादुर कार्कीलाई सिमकोट गाउँपालिका ५ को स्थानीयबासी भन्दै सीमापास दिएको आन्तरिक छानविनका क्रममा देखिएको छ । अंगबहादुर कार्कीका भतिज जुम्ला घर भएका अर्का प्रेमबहादुर कार्कीले पनि हुम्ला जिल्ला प्रशासन कार्यालयबाट सीमापास लिएको फेला परेको छ । सिमकोट गाउँपालिका ५ को नामबाट संजय कुमार यादवले पनि जिल्ला प्रशासन कार्यालय हुम्लाबाट सीमापास लिएका छन् ।


जिल्ला प्रशासन कार्यालयको निर्णय विपरित सीमापास दिएको विषयमा हुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मी कर्मचारीलाई सीमापास दिन मिल्ने दाबी गर्छन् । उनी भन्छन्, "सर्वदलिय बैठकको निर्णय मान्नुपर्छ भन्ने छैन । कर्मचारी र उनका बालबालिकाले सम्बन्धित जिल्ला रहदाँ नागरिकता समेत पाउँछन् । सीमापास नपाउने भन्ने त कुरा छैन ।"

**चीनको ताक्लाकोट ओहोरदोहर गर्न कोरोना महामारी पछि जिल्ला प्रशासन कार्यालय हुम्लाबाट ९ हजार ७५९ जनाले अस्थायी सीमा पास लिएको जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क छ । कोरोना महामारीले बन्द हुम्लाको हिल्सा नाका लामो समयपछि खुलेसँगै जिल्ला प्रशासन कार्यालय हुम्लाबाट अस्थायी सीमापास लिनेको संख्या निकै बढेको छ ।**

चीनको ताक्लाकोट ओहोरदोहर गर्न कोरोना महामारी पछि जिल्ला प्रशासन कार्यालय हुम्लाबाट ९ हजार ७५९ जनाले अस्थायी सीमा पास लिएको जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क छ । कोरोना महामारीले बन्द हुम्लाको हिल्सा नाका लामो समयपछि खुलेसँगै जिल्ला प्रशासन कार्यालय हुम्लाबाट अस्थायी सीमापास लिनेको संख्या निकै बढेको छ ।  जिल्ला प्रशासन कार्यालय हुम्लाले सीमापास वितरणका लागि नियम परिवर्तन गरिरहन थालेपछि जिल्ला बाहिरबाट आउने नागरिकहरुले पनि सीमापास लिएर ताक्लाकोट आउजाउ गर्ने गतिविधी बढेको हो ।







निर्णयहरुः


निर्णय नं. १ छिमेकी जिल्लाहरु बझाङ, बाजुरा सहितका नेपालका अन्य जिल्लाका नागरिकहरु विशेषत महिलाहरु एकल बसाईसराई गरी यस जिल्लामा आउन थालेका छन । यसमा अन्तरनिहित सवाल चाहीं जिल्ला प्रशासन कार्यालयबाट जारी हुने सिमापास र सो सँग जोडिएको रोजगारी हो । यस विषयमा बसाईसराईको यो प्रवृत्तिले यस जिल्लाको सामाजिक सौस्कृतिक सन्दर्भमा पार्न सक्ने नकारात्मक असरहरुलाई न्यूनीकरण गर्नु आजको मूल चुनौती हो । अतः एकल वा परिवारको आंशिक सदस्यहरु बसाईसराई गरी आउने नागरिकको हकमा देहाय अनुसार गर्न जिल्ला प्रशासन कार्यालय, हुम्ला र सम्बन्धित पालिकालाई सुझाव दिने निर्णय गरियो ।

1. अन्य जिल्लाबाट जारी गरिएको नागरिकता स्पष्ट बुझिने र अन्य निकायमा पेश गर्न मिल्ने स्तरको हुन्जेल प्रतिलिपि जारी नगर्ने ।
2. हुम्ला जिल्लामा निजको नाममा जग्गा धनीपूर्जा नभई बसाईसराई दर्ता गर्न नपाइने ।
3. नागरिकता प्रतिलिपि जारी गर्नुपर्दा एकल बसाई सरी आउनेको परिवारको सदस्यबाट सनाखत गराउनु पर्ने।
4. जिल्ला प्रशासन कार्यालय हुम्लाबाट नागरिकता प्रतिलिपि जारी गर्नु अगाडी प्रहरी सर्जमीन बुझन सक्ने, सम्बन्धित पालिकाको अध्यक्षबाट समेत सिफारिस लिन सक्ने ।
5. नागरिकता प्रतिलिपि जारी भएपछि हुम्ला जिल्लाको मतदाता नामावलीमा नाम समावेश गर्ने र बसाई सरि आएको जिल्लाको निर्वाचन कार्यालयबाट मतदाता नामावलीबाट नाम हटाएको निस्सा पेश गर्नुपर्ने ।
6. माथिका अंग पुगीसकेपछि बसाईसराई भएको मितिले १ वर्ष पछाडी निजले सीमापास लिन चाहेमा जिल्ला प्रशासन कार्यालयबाट जारी गर्ने ।



४) मिति २०८१ वैशाख ९ गते बसेको सर्वदलीय बैठकबाट अन्य जिल्लाबाट यस जिल्लामा बसाईसराई गरी आउनेहरुका हकमा ३ वर्षसम्म जिल्ला प्रशासन कार्यालयबाट सीमापास जारी नगर्ने निर्णय भएकोमा अब देखि यसै जिल्लाबाट जारी भएको ना.प्र.प, जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, यसै जिल्लामा कायम गरिएको मतदाता नामावली लगायतका कागजात संलग्न गरी निवेदन प्राप्त भएमा आवश्यक प्रकिया पुरा गरी जिल्ला प्रशासन कार्यालयबाट सीमापास जारी गर्ने।

सीमा पास सम्बन्धि विभिन्न समयमा गरिएका निर्णय। तस्बिर: नरजन तामाङ




हुम्ला जिल्ला बाहिरका मानिसहरुलाई विभिन्न समयमा जारी गरिएका सीमा पास। तस्बिर: नरजन तामाङ

**ताक्लाकोट हुम्लीको रोजगारीको गनतब्य**

गत फागुन २२ देखि चैत महिनाको २३ गते सम्म हुम्लाको हिल्सा नाका हुदैँ चीनको ताक्लाकोट रोजगारी खोजी जानेको संख्या निकै बढेको छ । १९१ महिला र ३०४ जना पुरुष गरी ४९५ जना हिल्सा नाका हुदैँ ताक्लकोट भित्रिएको हिल्सा प्रहरीचौकीले जनाएको छ ।

चीनतर्फबाट नेपाल ९५ महिला र ८४ पुरुष गरी १७९ जना फिर्ता भएको हिल्सा प्रहरीचौकीले जनाएको छ । दिनप्रतिदिन रोजगारको खोजीमा हुम्ली नागरिकहरु चीनको ताक्लकोट जाने संख्या बढ्दै गएको छ । पछिल्ला समय चीनको ताक्लकोट जानका लागि दैनिक जिल्ला प्रशासन कार्यालय हुम्लामा अस्थायी सिमापास लिन आउनेहरुको संख्या बढिरहेको छ ।